**आ.व. ०८१/८२ मा शहरी विकास मन्त्रालयबाट भएका प्रमुख कार्यहरु**

**विनियोजित बजेटः ६८,१४,३६,६८,१२३**

**वित्तीय प्रगतिः ३९,५६,५२,७०,००० (५८.०६%)**

**१. नीतिगत/कानुनी सुधार**

- राष्ट्रिय शहरी नीति, २०८१ नेपाल सरकार (म.प.) बाट स्वीकृत भइ कार्यान्वयनमा आएको ।
- विशिष्ट संरचना तथा सम्मेलन केन्द्र (गठन) विकास समिति (सञ्चालन तथा व्यवस्थापन) आदेश, २०८१ नेपाल सरकार (म.प.) बाट स्वीकृत भइ कार्यान्वयनमा आएको ।
- नेपाल स्मार्ट शहर सम्बन्धी सूचकहरु २०८१ नेपाल सरकार (म.प.) बाट स्वीकृत भइ कार्यान्वयनमा आएको ।
- डुम्रे भन्सार जग्गा एकीकरण आयोजना र मासटार जग्गा एकीकरण आयोजनाको अवधारण योजना स्वीकृत तथा नेपाल सरकार (म.प.) बाट जग्गा प्रतिको निर्णय भइ कार्यान्वयनमा आएको ।
- वागमती सभ्यता संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भइ छलफलको क्रममा रहेको ।
- शहरी विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा उपर छलफल हुँदै, वेवसाइटमा सरोकारवालाको राय/प्रतिक्रियाको लागि राखिएको ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक, २०८२ मस्यौदा तयार भएको ।
- नगर विकास कोष ऐन, २०५३ को संशोधनको लागि तयार भएको विधेयक मस्यौदा अन्तिम चरणमा पुगेको ।
- संयुक्त आवासको स्वामित्व सम्बन्धि ऐन को मस्यौदा तयार भएको ।
- भवन ऐन संसोधनको मस्यौदा तयार भएको ।

**२. संस्थागत सुधार**

नेपाल सरकार (म.प.) को मिति २०७४/१२/१४ को निर्णयानुसार पुनर्गठन पछि यस मन्त्रालय शहरी विकास, आवास, भवन निर्माण सम्बन्धि कार्यहरु गर्ने जिम्मेवारी पाएकोमा मिति २०७९/०४/१९ मा नेपाल सरकार (म.प.) को निर्णय पश्चात यस मन्त्रालयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विकास विभागको समेत जिम्मेवारी प्राप्त भएको एवं नेपाल सरकार (म.प.) को मिति २०८१/०६/२१ को निर्णयबाट नयाँ संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत भई कार्यान्वयमा आएको छ ।

### ३. पूर्वाधार क्षेत्रको प्रगति

- अन्तर्राष्ट्रियस्तरको त्रि.वि क्रिकेट स्टेडियम अन्तर्गत प्यारापेट र फ्लडलाईट निर्माण कार्य अन्तिम चरणमा पुगेको ।
- ९७ वटा स्वास्थ्य भवन निर्माण ।
- ५ वटा सभा हल निर्माण ।
- २१ वटा सरकारी कार्यालय भवन निर्माण ।
- ९७ वटा विद्यालय भवन निर्माण ।
- ३२ वटा पार्क निर्माण ।
- १३ वटा बसपार्क निर्माण ।
- ५७ वटा सार्वजनिक भवन निर्माण ।
- २७८ कि.मि. ग्रामीण सडक कालोपत्रे /सडक ढलान ।
- ६१८ कि.मि. शहरी सडक कालोपत्रे ।
- २९६ कि.मी. नाला निर्माण ।
- २७८ वटा झोलुंगे पुल निर्माण ।
- २२ वटा स्थानीय सडक पुल निर्माण ।
- ५५ वटा स्थानीय तहको प्रशासकीय भवन निर्माण ।
- २.९ कि.मी तटवन्ध निर्माण ।
- थप ९ वटा गा.पा./न.पा. केन्द्रमा सडक पुगेको ।
- ४७४७ हेक्टरमा सिंचाइ सुविधा पुगको ।
- नवलपुर सदरमुकाममा संघीय सरकारी कार्यालय भवन निर्माण एवं सम्बन्धित अन्य पूर्वाधार निर्माण कार्यको खरिद कार्यको सम्झौता भइ कार्य शुरु भएको साथै श्रीमहल भवन निर्माणको खरिद प्रकिया प्रारम्भ भएको ।
- ११००० वटा सुरक्षित नागरिक आवास निर्माण ।
- क्षेत्रिय शहरी विकास आयोजना अन्तर्गत फोहोरमैला व्यवस्थापन गर्न हालसम्म २ व्यवस्थापन केन्द्रको निर्माण सम्पन्न भएको छ । १ केन्द्रको निर्माण कार्य भैरहेको छ ।

- सवदाह निर्माण अन्तर्गत यस आ.व. मा १ वटा सवदाहको निर्माण कार्य सम्पन्न भएको छ भने थप ३ वटाको निर्माण भैरहेको छ ।
- पहुँच सुधारका लागि रणनीतिक रूपमा महत्वपूर्ण रहेको नेपालको सबैभन्दा लामो त्रिवेणी सुस्ता बहुत्तरी झोलुङ्गेपुल सञ्चालनमा आएको ।
- धरहरा परिसरमा निर्मित मुख्यमुख्य संरचनाहरू जस्तै धरहरा, बेसमेन्ट पार्किङ्ग, बगैंचा सर्वसाधारणको लागि खुल्ला गरिएको ।
- जाजरकोट र रूकुम पूर्वको भुकम्पबाट क्षतिग्रस्त सरकारी भवन तथा स्वास्थ्य संस्थाका भवन पुनर्निर्माण कार्य अन्तर्गत २३ वटा भवनको ठेक्का प्रक्रिया प्रारम्भ भएकोमा १७ वटा भवनको ठेक्का सम्झौता समेत सम्पन्न भइ निर्माण कार्य भैरहेको ।
- दमक व्यापारिक कम्पलेक्स, चितवन सौराहा सभाहल सञ्चालन भएको ।
- दमक व्यापारिक कम्प्लेक्स सर्वसाधारणका लागि खुल्ला गरिएको ।
- २२ वटा स्वास्थ्य संस्था / ३ वटा शैक्षिक संस्था Design Check गरि स्वीकृति दिईएको (निजि क्षेत्रको लागि)
- काठमाडौं उपत्यका विकास प्राधिकरण अन्तर्गत यस वर्ष थप ५ वटा जग्गा विकास कार्यक्रम र २ वटा अपार्टमेन्टको लागि अनुमति प्रदान गरिएको ।
- वाग्मती नदी तथा यसका सहायक नदी किनारामा पार्क तथा वातावरणीय सुधार सम्वन्धी निर्माण कार्य (बालकुमारी पुल देखि मनोहरा दोभानसम्म) काठमाण्डौ तर्फको कार्य सम्पन्न भएको छ ।
- गोर्कणेश्वर २ नयाँपाटी वाग्मती किनाराको सार्वजनिक जग्गा संरक्षण कार्य सम्पन्न भएको ।
- ५ वटा आकस्मिक आश्रय भवन निर्माण ।